नेपाल सरकार

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

ई.पी.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

२०७८/०७/०७

## भिसा स्वीकृत भई नेमट्याग आएका प्रतिबद्ध कामदारहरुको लागि जरुरी सूचना ।

HRD Service of Korea बाट CCVI का लागि स्वीकृत भई आएका कुल ११९ जना मध्ये भिसा स्वीकृत भई नेमट्याग समेत आइसकेका उल्लेखित ४८ जना कामदारहरुको काठमाडौदेखि कोरिया सम्मको सिधा हवाइ उडान HRD Service of Korea बाट मिति २०७८ कार्तिक १० गते (तदानुसार २७ अक्टोबर, २०२१) को लागि तोकी आएकोले उडान पूर्व देहायका कार्यहरु सम्पन्न गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ ।

- उडान हुनु अघि ४८ घण्टाको अनिवार्य पिसीआर चेकजाँच रिपोर्ट पेश गर्नु पर्ने व्यवस्था अनुसार मिति २०७८ कार्तिक ८ गते बेलुका ५ बजे पिसीआर चेकको लागि क्वारेन्टिन बसेको सम्बन्धित स्थानमै स्वाव संकलन गर्ने कार्यक्रम रहेकोले स्वास्थ्यकर्मीलाई स्वाव दिई चेकजाँच गर्नु हुन अनुरोध छ । चेकजाँचको रिपोर्ट यस शाखा र सम्बन्धित व्यक्तिलाई उपलब्ध हुनेछ । मापदण्ड अनुसार पिसीआर चेकजाँचमा पोजिटिभ आएको व्यक्तिको उडान हाललाई स्थगित हुनेछ ।

- मिति २०७८ कार्तिक ९ गते दिउसो २ बजे भर्चुअल माध्यमबाट कामदारहरुलाई पूर्व प्रस्थान अभिमुखीकरण संचालन गरिनेछ । सो अभिमुखीकरणको लागि प्राप्त हुने अनलाइन लिंकबाट अनिवार्य रुपमा सबै जना सहभागी हुनु पर्नेछ । (अनलाइन लिंकको विवरण सम्बन्धित व्यक्तिको मोबाइल फोनमा पठाइनेछ)

- स्वास्थ प्रोटोकल पालना गरी अन्तरांष्ट्रिय हवाई उडानको नियमानुसार यस शाखाले तोके अनुसार समयमै एयरपोर्ट प्रस्थान गरी चेकइन गर्नु पर्नेछ ।

- सेल्फ क्वारेन्टिनको स्थलगत अनुगमन गणतन्त्र कोरियाको प्रतिनीधि र यस शाखाबाट संयुक्त रुपमा कुनै पनि समयमा हुने छ ।

सु:खद र सुरक्षित यात्राको लागि शुभकामना व्यक्त गर्दछौं ।

२०७८।७।७

ई.पी.एस शाखा

धन्यबाद !